NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र ४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ अनुसारको विवरण :

(आ.व. २०८०/८१ को दोस्रो त्रयमासिक विवरण)

(क) **निकायको स्वरुप र प्रकृति:** बैंकिङ्ग व्यवसाय गर्ने पब्लिक लिमिटेड कम्पनी ।

(ख) **निकायको काम, कर्तव्य र अधिकार:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र अन्य प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ।

(ग) **निकायमा रहने कर्मचारी संख्या:** मिति २०८०/०९/२९ मा ३,७९७ जना, **कार्य विवरण:** विभिन्न तहमा पद अनुरुपको जिम्मेवारी प्रदान गरिएको ।

(घ) **निकायबाट प्रदान गरिने सेवा:** बैंकिङ्ग व्यवसायसँग सम्बन्धित कर्जा, निक्षेप लगायतका विभिन्न सेवाहरू ।

(ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:** यस सम्बन्धी विवरण बैंकको वेबसाइट www.nicasiabank.com मा उपलब्ध छ ।

(च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर:** बैंकद्वारा प्रकाशित Tariff of Charges अनुसार । **अवधि:** सेवा अनुसार फरक फरक ।

(छ) **निर्णय गर्ने प्रक्रिया र अधिकारी:** सेवा अनुसार तथा प्रत्यायोजित अख्तियारी अनुसार फरक फरक ।

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी:** गुनासो सुनुवाई ईकाई ।

(झ) **सम्पादन गरेको कामको विवरण:** वित्तीय विवरणमा उल्लेखित ।

(ञ) **सूचना अधिकारी र प्रमुखको नाम र पद:**
**श्री सुधिर नाथ पाण्डे**, नायब प्रमुख कार्यकारी अधिकृत,
एन आई सी एशिया बैंक लि., रजिष्टर्ड कार्यालय, थापाथली, काठमाडौं,
पो.ब.नं. ७३६७, फोन न. ०१-५९७०१०१

**श्री रोशन कुमार न्यौपाने**, प्रमुख कार्यकारी अधिकृत,
एन आई सी एशिया बैंक लि., रजिष्टर्ड कार्यालय, थापाथली, काठमाडौं,
पो.ब.नं. ७३६७, फोन नं. ०१-५९७०१०१

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**
देशमा रहेको प्रचलित सबै ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहायका ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकिङ्ग कारोबारका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. मुलुकी देवानी संहिता, २०७४
१०. विनिमय अधिकार पत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पूर्ण निर्देशिका र परिपत्रहरु

(ठ) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:** बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रयमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको । साथै सो विवरण बैंकको वेबसाइट www.nicasiabank.com मा समेत अद्यावधिक गरिएको ।

(ड) **तोकिए बमोजिमका अन्य विवरण:** नियमअनुसार तोकिए बमोजिमको अन्य विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनुका साथै बैंकको वेबसाइट www.nicasiabank.com मा समेत अद्यावधिक गरिएको ।

(ढ) **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:** बैंकले गर्ने नियमित कार्यक्रम बाहेक अन्य कार्यक्रम नभएको ।

(ण) **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण:** www.nicasiabank.com

(त) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:** नभएको ।

(थ) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:** बैंकले गर्ने नियमित कार्य बाहेक अन्य कार्य नभएको ।

(द) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:** बैंकले आफ्नो बैंकिङ्ग कारोबारको सिलसिलामा विभिन्न सूचनाहरु निकाल्ने गरेको तर त्यस्तो सूचना वर्गीकरण भने नगरिएको ।

(ध) **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:** पेश भए बमोजिम दिएको ।

(न) **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:** बैंकले आफ्नो बैंकिङ्ग कारोबार को सिलसिलामा नियमित रुपमा विभिन्न सूचना प्रकाशित गर्ने गरेको । उक्त सूचनाहरु विशेष गरी वित्तीय विवरण, ऋण असुली तथा बैंकद्वारा प्रदान गरिने सेवा सुविधाहरुको बारेमा हुने गरेको ।

ISO 9001 Certified Bank
The Banker Bank of the Year 2013 NEPAL
The Banker Bank of the Year 2007 NEPAL
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि